# ९ शैतान र उसका पक्षमा लाग्ने तत्वहरु

*__यस अध्यायका मूल पदहरू__*: प्रकाश १३, प्रकाश १७:८, दानिएल ७:२४, २ थेस्सोलिनिकी २:२-१२, प्रकाश १२,१४-१६ र १ पहिलो राजा १८:३८।

*__यस अध्यायको मूल सार पद:__* **"तब त्यो अजिङ्गर त्यस स्त्रीसँग क्रोधित भयो र त्यसका बाँकी सन्तानसँग जुनहरूले परमेश्वरका आज्ञाहरू पालन गर्दछन् र येशूको गवाही दिन्छन्" (प्रकाश १२:१७ नेपाली बाइबल सोसाइटी, सन् २०१२ कतिपय अरू नेपाली बाइबलहरूमा यो पद हटाइएको छ)।**

इसाई इतिहासमा परमेश्वरका निष्ठावान विश्वासीहरूसँग शैतानले आक्रमण गर्दछ भनेर प्रकाश १३ अध्यायले चित्रण गर्दछ। त्यो आक्रमणमा पश्चिमी मूर्तिपूजा गर्ने राजनैतिक साम्राज्य रोम र इसाई धर्मकै खोल ओढेका रोमन क्याथोलिक चर्च अर्थात पोपीय शासनलाई शैतानले प्रयोग गरेको थियो। यो १,२६० दिन-वर्ष अवधिमा केवल बाइबल र येशूलाईमात्र मान्ने इसाईहरूमाथि ती दुई शक्तिले हमला गरेका थिए। यो सन ५३८-१७९८ को इतिहासभरिको घट्ना हो। यस चर्तिकलाको बारेमा प्रकाश १२:६,१३,१४ र अध्याय ७मा वर्णन गरिएको छ। आफ्ना दुई पक्षधरहरूको सहायताले परमेश्वरका जनहरूलाई शैतानले आक्रमण गरेको प्रकाश १३ अध्यायले बिस्तृत जानकारी दिँदछ। शैतानको पक्षमा लागेका ती दुवै शक्तिहरूलाई पशुहरू भनेर चित्रण गरिएको छ। शैतानकै निर्देशन अनुसार अजिङ्गर र दुई पशुहरू एक भएर अन्तिम युगमा परमेश्वरको मुक्ति दिने योजनाको कार्यक्रमलाई बाधा दिनेछ र संसारका मानिसहरूलाई आफ्नो पक्षमा लिन शैतानले प्रयास गर्नेछ।

तर एउटा कुरामा सतर्क हुनुपर्छ। विगतमा पूरा भएको भविष्यवाणीको बारेमा चर्चा गर्न सजिलो छ। तर जब पूरा हुन बाँकी भएका भविष्यवाणीहरूको बारेमा व्याख्या गर्दा होसियार हुनुपर्दछ। यस बारेमा यस अध्यायको तेस्रो भागमा केही हदसम्म चर्चा गरिएको छ। युगको अन्तमा के हुनेछ परमेश्वरले हामीलाई देखाउनुभएको छ ताकि जे हुन्छ त्यसप्रति हामी अचम्म नमानौं। तर हामीले खोजेको प्रत्येक विस्तृत विवरण उहाँले हामीलाई भन्नुभएको छैन। त्यसकारण भविष्यवीणीले के भन्न खोजेको हो त्यो भन्दा

बाहिर नगएर अनेकौं अडकलबाजी गरेर भविष्यवाणीको मर्ममा चोट नपुऱ्याउन हामी होसियार हुनुपर्छ। प्रकाशको पुस्तकमा भएका भविष्यवाणीहरू कुनै पौराणिक कथा वा काल्पनिक भनेर नपन्छाइ त्यसले हामीहरूको व्यवहारिक जीवन प्रभाव पार्नुपर्छ भनेर सोच्नुपर्दछ। वर्तमान जीवनमा हामी कसरी जीउने र आउने भविष्यमा कसरी तयार हुने भनेर सिकाउने शिक्षाप्रद प्रकाशको पुस्तक हाम्रो माझमा हुनु हाम्रो निम्ति अहोभाग्य हो भनेर हामीले सम्झनुपर्दछ।

## १. समुद्रबाट उत्पन्न भएको पशु

**समुद्रबाट उत्पन्न भएको पशुको बारेमा प्रकाश १३:१-४, ८ र प्रकाश १७:८ले प्रस्तुत गर्दछ। त्यसको स्वभाव वा चरित्र कस्तो छ र कुन कुन पक्षको भूमिकाहरू खेलेर त्यस पशुको अस्तित्व भएको देखाउँदछ? हेर्नुहोस्, "१ यसपछि समुद्रबाट निस्की आउँदैगरेको एउटा जनावर मैले देखें। त्यसका दश सिङ र सातवटा टाउका थिए र प्रत्येक सिङमा एउटा मुकुट थियो र त्यसको प्रत्येक टाउकोमा परमेश्वरलाई अपमान गर्ने एउटा नाउँ थियो ।२ त्यो जनावर चितुवाजस्तो देखिन्थ्यो। त्यसका खुट्टा भालुका जस्ता थिए र मुखचाहिँ सिंहको जस्तो थियो। त्यो अजिङ्गरले आफ्नो शक्ति, सिंहासन र ठूलो अधिकार त्यो जनावरलाई दियो। ३ त्यसका टाउकाहरूमध्ये एउटामा चाहिँ मर्ने गरी गहिरो चोट लागेको जस्तो देखिन्थ्यो, तर त्यो गहिरो चोट निको भएको थियो। सारा संसार छक्क परी त्यस जनावरलाई पछ्याउन लाग्यो। ४ अनि त्यो अजिङ्गरले आफ्नो अधिकार जनावरलाई दिएको हुनाले सबै अजिङ्गरलाई मान-आदर गर्थे र यसो भन्दै त्यो जनावरको पनि जयजयकार गर्थे, "त्यो जनावरजस्तो अरू को छ र? त्यससित लडाइँ गर्न सक्ने को छ?... मारिएका थुमाको जीवनको पुस्तकमा संसारको उत्पत्तिभन्दा पहिले नै नाउँ लेखिएका व्यक्तिहरू बाहेक पृथ्वीमा रहनेहरू सबैले नै त्यो जनावरलाई मान-आदर गर्नेछन्।" र "८ त्यो जनावर पहिले जिउँदो थियो तर अहिलेचाहिँ छैन। त्यो गहिरो भड्खालाबाट निस्कनेछ र नष्ट हुनेछ। संसारको सृष्टि पहिले जीवनको पुस्तकमा नाउँ नलेखिएका संसारका मानिसहरूले त्यो जनावर देखेर अचम्म मान्नेछन् किनभने त्यो जिउँदो थियो, अहिले मरेको छ। तर त्यो फेरि देखापर्नेछ।"**

राक्षसीरूप भएको भयानक डरलाग्दो पशु समुद्रबाट उत्पन्न भएको यूहन्नाले आफ्नो दर्शनमा देख्दछन्। पशुले राजनैतिक शक्तिको प्रतिनिधित्व गर्छ भने जुनरुपमा समुद्रबाट निस्किएको पशुको बारेमा वर्णन गरिएको छ त्यसले त्यो राजनैतिक शक्तिलाई औंल्याउँछ जोसँग राजनैतिकमात्र होइन आफ्नो पक्षमा नहुने मानिसहरूप्रति अतिवादी भएर थिचोमिचो गर्ने धार्मिक शक्तिको चित्रण गर्दछ। समुद्रले भारी जनसंख्या भएको युरोप महादेशलाई औंल्याउँछ। त्यस समुद्ररुपी युरोपबाट सामुद्रिक पशुको उदय हुन्छ जुन रोमी साम्राज्यको पतनपछि शक्तिशाली भएर उत्पन्न भएको थियो ("स्वर्गदूतले मलाई यो कुरा पनि भने, "त्यो वेश्या बसेको समुद्र जो तिमी देख्दै छौ, त्यो विभिन्न जाति, देश र भाषाका मानिसहरू हुन्" प्रकाश १७:१५)।

पानीबाट उत्पन्न भएको पशुको बारेमा यूहन्नाले वर्णन गर्दछन्। त्यो राक्षसीरुपी पशुको सातवटा टाउकाहरू थिए भने उसको टाउको माथि सातवटा सिङहरू थिए। त्यो पशु त्यही अजिङ्गर जस्तो थियो जसको बारेमा प्रकाश १२:३,४ले यसरी वर्णन गर्दछ "३ त्यसपछि आकाशमा अर्को एउटा अचम्मको चिन्ह देखा पऱ्यो, सात टाउका र दश वटा सिङ भएको एउटा ठूलो रातो अजिङ्गर थियो। त्यसका सात टाउकामा सातवटा मुकुट थिए। ४ त्यसको पुच्छरले ताराहरूको तेस्रो भागलाई आकाशदेखि घिस्याएर पृथ्वीमा फ्याँकिदियो अनि जन्म हुन आँटेको बालकलाई जन्मनेबित्तिकै खान सुत्केरी हुन लागेकी स्त्रीको अगाडि त्यो अजिङ्गर उभियो।" मूर्तिपुजा गर्ने रोमसँग नजिकैसँग सम्बन्ध भएको त्यस समुद्रबाट उत्पन्न भएको पशुले देखाउँदछ। त्यस पशुको टाउकाहरूमा परमेश्वरको बेइज्जत वा अपमान गर्ने नाउँ हुन्छ। सिङहरूमा राजकीय श्रीपेचहरू हुन्छन्। पशुका टाउकाहरूले त्यसको चित्रण गर्दछ जुन् इतिहासभरि परमेश्वरका जनहरूलाई सताउन शैतानले प्रयोग गरिएका राष्ट्रहरू हुन् (प्रकाश १७:९-११ "९ "यो कुरा बुझ्न ज्ञान र बुद्धि चाहिन्छ। जनावरका सात टाउकाचाहिँ सात डाँडा हुन्, जसमा त्यो स्त्री बसेकी छे। ती सातै राजा पनि हुन्, १० जसका पाँच जना पतन भइसकेका छन्। एक जना छँदैछ र एक जना आउन बाँकी छ। उसले आएर थोरै समयको लागि मात्र राज्य गर्नेछ।११ अनि त्यो जनावर, जो पहिले जिउँदो थियो तर अब छैन, त्यो आठौं राजा हो तापनि त्यो सातमध्ये पनि एक हो र त्यसको नाश हुनेछ")। टाउकोमा भएको परमेश्वरको अपमान गर्ने वा बेइज्जत गर्ने नाउँले ईश्वरीय पदवी आफ्नो भनेर पशुले गरेको दावीलाई औंल्याउँछ। सातवटा सिङहरू

दानिएल ७:२४मा भविष्यवाणी गरे अनुसार ती राष्ट्रहरू हुन जुन् रोमी साम्राज्यको पतनपछि उदय भएको थियो। समुद्रबाट निस्केको पशुको सम्पूर्ण स्वभावले त्यो पशु अरू कुनै नभएर रोमन क्याथोलिक धर्म वा पोपीय शासन हो जुन् रोमी साम्राज्यबाट उदय भएको थियो।

समुद्रबाट निस्किएको पशु चितुवा जस्तो थियो जसका पाइतालाहरू भालुको जस्तो छ र मुख सिँहको जस्तो छ। एउटै पशुमा भएको स्वभावमा दानिएल ७:२-७मा वर्णन गरेको चारवटा पशुहरूको स्वभाव समावेश भएको छ। यसले विश्व साम्राज्यलाई औंल्याउँछ जुन बेबिलोन, मिड-पर्सिया, ग्रीस र रोम हुन। पहिलो शताब्दीको परिप्रेक्ष्यमा दानिएलले दानिएल ७मा वर्णन गरेको चौथो पशुलाई यूहन्नाले प्रथम् पशु भनेर देखेका थिए जुन रोमी साम्राज्य थियो।

अजिङ्गरले (जो शैतानले शक्तिसम्पन्न गरिएको मूर्तिपुजक रोमी साम्राज्य) समुद्रबाट निस्किएको पशुलाई आफ्नो शक्ति, सिंहासन र महान् अधिकार दियो भनेर यूहन्नाले दर्शनमा देख्दछन्। जसरी परमेश्वर पिताले येशू ख्रीष्टलाई उहाँको सिंहासन र अधिकार दिनुभयो (प्रकाश २:२७), शैतानले पनि पशुलाई यस पृथ्वीमा आफ्नो प्रतिनिधि र सहकर्मी भनेर अधिकार सम्पन्न गराउँछ (पोपलाई विश्वको रोमनक्याथोलिकहरूले येशूको प्रतिनिधि भएको,उससँग स्वर्ग र नरको अधिकार भएको, कसलाई स्वर्ग पठाउने कसलाई नपठाउने जस्तो अधिकार भएको पूजनीय व्यक्तिको रूपमा हेर्दछन्। पोपलाई यस संसारको भगवानको रूपमा रोमन क्याथोलिक इसाईहरूले मान्दछन्।-अनुवादकको टिप्पणी) ।

इसाई इतिहासमा येशूभक्तहरूलाई अनेक किसिमले सताउने अवधि ४२ महिना भनेर प्रकाश १३:५-७ले तोक्दछ। हामीले अगाडि हेऱ्यौं कि शुद्ध स्त्रीलाई सताउने समय, समयहरू र आधा समय अर्थात् तिन वर्ष छ महिना थियो। समय वा दिनलाई भविष्यवाणीको अर्थले वर्षहरू भनेर औंल्याउँछ ("१३ "तब पृथ्वीमा फ्याँकिएको छु भन्ने थाहा पाएर अजिङ्गरले त्यो छोरा पाउने आमालाई खेद्न थाल्यो। १४ अजिङ्गरबाट बाँचेर उजाड-स्थानमा भएको आफ्नो शरणस्थानमा पुग्न ती स्त्रीलाई गरुडको दुईटा पखेटा दिइएको थियो। त्यहाँ तिनको लागि साढे तीन वर्षसम्म पालन-पोषण गरिनेछ।" प्रकाश १२:१३-१४। यस सँग तुलना गर्नुहोस् दानिएल ७:२५ "त्यसले सर्वोच्च परमेश्वरको विरुद्धमा बोल्नेछ र त्यसले परमेश्वरका पवित्र जनहरूलाई सताउनेछ। त्यसले धार्मिक नियम र चाडहरू हेरफेर गर्ने कोसिस गर्नेछ अनि

साढे तीन वर्षसम्म परमेश्वरका पवित्र जनहरू त्यसको वशमा रहनेछन्")। भविष्यवाणीको ४२ महिना अर्थात् एक महिनाको ३० दिनको हिसाबले त्यसलाई ४२ले गुणन गर्दा ठ्याक्कै १,२६० दिन वा वर्षहरू हुन आउँछ ("अनि आमाचाहिँ जङ्गलतिर भागिन्, जहाँ एक हजार दुई सय साठी दिनसम्म तिनलाई पाल्न परमेश्वरले ठाउँ तयार गर्नुभएको थियो" प्रकाश १२:६)। त्यसकारण "समय, समयहरू र आधा समय," "४२ महिना" र १,२६० दिन सबैले त्यही १,२६० वर्षको अवधिलाई औंल्याउँछन्। जब त्यस पशुको एउटा टाउको झण्डै सधैंको निम्ति खतम भएको यूहन्नाले देख्दछन् त्यो समयमा १,२६० वर्षको भविष्यवाणी अन्त हुन्छ। सन १७९८मा फ्रान्सको शासक नेपोलियनको सेनापतिले पोपलाई नजरबन्द बनाएर निर्वासित जीवन बिताउन लगाएको थियो। सन् १७९९मा पोपको निर्वासित जीवनमै मृत्यु भएको थियो। त्यसबेला पोपीयतन्त्रको झण्डै खतम भएको वा मर्ने गरी घाइते भएको थियो तर सन १७९९पछि फेरि त्यो घाइते पोपतन्त्र फेरि जागेको थियो र त्यसलाई फेरि शक्ति दिइएको थियो। त्यसको अर्थ घाइते भएर निको भएको पोपीयतन्त्रको पोप केवल युरोपमामात्र होइन बरू सारा संसारको प्रशंसनीय र पूजनीय व्यक्ति हुन जान्छ। अजिङ्गररुपी शैतान र उसले शक्ति सम्पन्न गराएको पशु अर्थात पोपलाई सारा संसारले ढोग्न पुग्छन् अर्थात् पोपको आदेशलाई अरूहरूले त्यो परमेश्वरको नै आदेश भनेर उसले भनेको कुरा मान्नेछन्।

## २. समुद्रबाट निस्किएको पशुको क्रियाकलाप

कुन तोकिएको समयमा परमेश्वरका जनहरूले पीडादायी सतावट सहनुपरेको थियो सो प्रकाश १३:५ले औंल्याएको कुरा हामीले अगाडिको बुँदामा चर्चा गर्‍यौं। इसाई धर्मकै नाउँमा शैतानको प्रतिनिधि भएर पशुले १,२६० दिन/ वर्षसम्म परमेश्वरका जनहरूको बिरुद्धमा आफ्नो हिँस्रक क्रियाकलाप मच्चाएको थियो। प्रकाश १२:६,१४ अनुसार त्यस पशुले स्त्री वा चर्चलाई यातना दिएर आतङ्कित बनाएको थियो। (भविष्यवाणीमा एक दिन बराबर एक वर्ष भनेर गन्ती १४:३४ र इजकिएल ४:६मा बताइएको छ। यस बारे पाठ ७को पाँचौं बुँदामा उल्लेख गरिएको छ)। यो १,२६० दिन/वर्ष भविष्यवाणीको सुरुवात सन ५३८मा भएको थियो। यस समयमा रोमन क्याथोलिक इसाई समूहको मूल पादरी पोपलाई इसाई र राष्ट्रको प्रधान

बनाइएको थियो। पोपले राजनैतिकरुपमा र धार्मिकरुपमा इतिहासको मध्यकालीन युगसम्म पश्चिमी संसारमा आफ्नो आधिपत्य जमाएका थिए। पश्चिमी राष्ट्रका राजा वा प्रमुखहरू पोपको हुकुम अनुसार चल्दथे। पोपलाई रिस उठाउनु तिनीहरूको अस्तित्वमा नै खतरा निम्त्याउनु सरह हुन्थ्यो। तर फ्रान्सको जनक्रान्तिपछि त्यहाँको शासकले धर्मलाई अवैध मानेर सन १७९८मा पोपलाई नजरबन्दमा राखेर निर्वासित जीवन बिताउन वाध्य पारेका थिए। पशुलाई मरेको जस्तै घाइते बनाइएको थियो। यसले गर्दा इसाई धर्मको नाउँमा जबरजस्ती इसाई बनाउने वा आफ्नो पक्षमा नआउने मानिसहरूलाई यातना दिने अतिवादी चर्चको समूहको दमन नीति र धर्मको आडमा वा धर्मलाई राजनीतिसँग गाँसेर राष्ट्रहरूलाई दवाउने पोपको हैकमी शासनको अस्थायीरूपमा अन्त्य भएको थियो।

**दानिएल ७:२४,२५को साथै प्रकाश १३:५-८ र २ थेस्सोलिनिकी २:१-१२ पढ्नुहोस्। परमेश्वरको आधिपत्यको बिरुद्धमा सानो सिङले बोल्ने र परमेश्वरका व्यवस्थालाई भङ्ग गर्ने व्यक्तिले गर्ने क्रियाकलापहरूले समुद्रबाट निस्किएको पशुको क्रियाकलापसँग कस्तो मिल्दोजुल्दो छ? हेर्नुहोस्, दानिएल ७:२३-२५ "२३ मलाई त्यसको अर्थ यसरी बुझाइयो, "त्यो चौथो जन्तु चौथो राज्य हो, त्यो राज्य पृथ्वीमा स्थापित हुनेछ र त्यो अरू सबै राज्यहरूभन्दा भिन्नै हुनेछ। त्यसले सारा पृथ्वीलाई मऱ्याकमुरुक पारेर पैतालाले कुल्चनेछ।२४ दश वटा सिङचाहिँ त्यो साम्राज्यमाथि शासन गर्ने दश राजाहरू हुन्। त्यसपछि अर्को एक जना राजा खडा हुनेछ, त्यो अघिअघिका राजाहरूभन्दा भिन्नै हुनेछ र त्यसले तीन जना राजाहरूलाई पराजित गर्नेछ।२५ त्यसले सर्वोच्च परमेश्वरको विरुद्धमा बोल्नेछ र त्यसले परमेश्वरका पवित्र जनहरूलाई सताउनेछ। त्यसले धार्मिक नियम र चाडहरू हेरफेर गर्ने कोसिस गर्नेछ अनि साढे तीन वर्षसम्म परमेश्वरका पवित्र जनहरू त्यसको वशमा रहनेछन्।", प्रकाश १३:५-८ "५ आफ्नो घमण्डको कुरा गरेर परमेश्वरको अपमान गर्न त्यस जनावरलाई बयालीस महिनासम्म समय दिइएको थियो।६ त्यसले परमेश्वरलाई, उहाँको नाम, वासस्थान र स्वर्गमा बस्ने सबैलाई सराप्न थाल्यो। ७ त्यसलाई परमेश्वरका मानिसहरूसित लडाइँ गरेर उनीहरूलाई जित्ने हक दिइएको थियो। सबै कुल, देश, भाषा र जातिमाथि अधिकार गर्न त्यसलाई हक दिइएको थियो।८ मारिएका थुमाको जीवनको पुस्तकमा संसारको उत्पत्तिभन्दा पहिले नै नाउँ लेखिएका व्यक्तिहरू बाहेक पृथ्वीमा रहनेहरू सबैले नै त्यो जनावरलाई मान-**

आदर गर्नेछन्।" र २ थेस्सोलिनिकी २:१-१२ "१ दाजुभाइहरू, हाम्रा प्रभु येशू ख्रीष्ट फेरि आउनुहुनेछ, उहाँकहाँ हामी भेला हुनेछौं। तर हामी तिमीहरूलाई बिन्ती गर्दछौं, २ हाम्रा प्रभु आउने दिन भयो भन्दा तिमीहरू नआत्तियौ न त बिचलित होओ। त्यस दिनको बारेमा कसैले हामीले पत्र लेखेजस्तै गरी पत्रले, कसैले आत्माले, कसैले बोलीले तिमीहरूलाई भन्लान्। ३ तर तिमीहरूलाई कसैले पनि कुनै किसिमले झुक्याउन नपाओस्। परमेश्वरको विरोधमा ठूलो उपद्रो नभएसम्म र नाश हुनुपर्ने व्यवस्था भङ्ग गर्ने मानिस नआएसम्म प्रभुको दिन आउनेछैन। ४ त्यस व्यवस्था भङ्ग गर्ने मानिसले आफैं ठूलो भएर मानिसहरूले परमेश्वर ठानेका सबै कुराहरूलाई र पूजा गर्ने गरेका सबै थोकको विरोध गर्नेछ। त्यसले त परमेश्वरको मन्दिरमा बसेर आफैंलाई परमेश्वर हुँ भन्नेछ। ५ सँगै हुँदा यी सबै कुरा त मैले तिमीहरूलाई भनेको थिएँ, होइन? ६ बेला भएपछि त्यो दुष्ट प्रकट हुनेछ। अहिले नै यो कुरो भैहाल्न नदिन थामिराखिएको छ। यो त तिमीहरूलाई थाहै छ। ७ त्यो व्यवस्था भङ्ग गर्नेले आफ्ना कामहरू भित्रभित्रै सुरु गरिसकेको छ। तर त्यसलाई थामिराख्ने शक्ति नहटेसम्म यसको दुष्ट कामहरू बाहिर देखिनेछैनन्। ८ यसलाई थामिराख्ने शक्ति हटेपछि त्यो व्यवस्था भङ्ग गर्ने मानिस देखा पर्नेछ। प्रभु येशू ख्रीष्ट आफ्नो उज्यालो शक्तिमा आउनुहुँदा त्यसलाई एक सासमा नै नाश गर्नुहुनेछ। ९ त्यो व्यवस्था भङ्ग गर्नेले शैतानको शक्ति लिएर आउनेछ अनि सबै किसिमका झूटा चिन्ह र अचम्म-अचम्मका कामहरू गर्नेछ। १० नाश हुनेहरू जति सबैलाई त्यसले दुष्ट किसिमले छक्याउनेछ किनभने तिनीहरूले मुक्ति दिने सत्यलाई मन पराएनन्। ११ त्यसकारण तिनीहरूले झूटा कुरा नै पत्याऊन् भनेर परमेश्वरले भर्माउने शक्तिलाई पठाउनुहुनेछ। १२ तिनीहरूले सत्यमा विश्वास नगरेर अन्याय गर्न राम्रो ठानेकोले सजाय पाऊन् भनेर नै परमेश्वरले यसो गर्नुभएको हो।"

भविष्यवाणी अनुसार निस्किएको सामुद्रिक पशुको १,२६० दिन/वर्षमा हुने क्रियाकलापलाई ईश्वरनिन्दा, परमेश्वरको अपमान गर्ने वा धर्मविरोधी काम गरेको भनेर व्याख्या गरिएको छ। नयाँ करारमा त्यस्तो काम गर्नु वा परमेश्वरको अपमान गर्नु वा उहाँको विरुद्धमा बोल्नु भनेकै त्यो बोल्ने व्यक्तिले आफूलाई परमेश्वर सरह मानेको ठहरिएको थियो (यूहन्ना १०:३३, मत्ती २६-६५)। उसको क्रियाकलापले परमेश्वरको स्वामित्व वा अधिकारको खिलाफमा गएर त्यसलाई खतम गर्ने प्रयास गर्नु हो (जब येशूले पाप क्षमा गर्नुभयो तब

उहाँमाथि परमेश्वरले मात्र गर्ने कामलाई उहाँले गर्नुभएकोले उहाँलाई ईस्वरनिन्दाको आरोप यसरी लगाइएको थियो "यसले त परमेश्वरको निन्दा पो गर्दोरहेछ। परमेश्वरले बाहेक अरू कसले पाप क्षमा गर्न सक्छ र?" मर्कूस २:७)। समुद्रबाट निस्किएको पशुले आफ्नो विरोधी वचनहरू "परमेश्वरतिर, उहाँको नाउँको निन्दा, उहाँको पवित्र स्थानको विरोधमा र स्वर्गमा रहने सबै जीवहरूतिर" प्रकाश १३:६ रूपान्तरित) लक्षित गरेको हुन्छ। परमेश्वर रहने ठाउँ स्वर्गमा भएको पवित्र स्थान हो। त्यहाँ येशूले हामीहरूको मुक्तिको लागि सेवाकार्य गर्नुहुन्छ। स्वर्गको पवित्र मन्दिरमा भइरहेको येशूको कामलाई निकम्मा पार्न खोजेर सामुद्रिक पशुले उहाँको सट्टामा मानवीय पुजारीलाई स्थापना गर्न खोज्दछ। त्यसको अर्थ केवल परमेश्वरले मात्र उपलब्ध गराउने मुक्ति र पापको क्षमा मानवीय पुजारीले गर्न सक्छ भनेर दावी गराउनु हो। रोमन क्याथोलिक चर्चका धार्मिक पदाधिकारीहरूले त्यो काम गर्न आफूहरूलाई खटाइएको हो भनेर दावी गर्दछन्। परमेश्वरमामात्र निहित भएको अधिकार मानिसले लिन खोज्नु निचोडमा भन्ने हो भने त्यो सरासर ईश्वरनिन्दा हो।

येशूलाई विश्वास गर्ने धेरै इसाईहरू येशू र बाइबलको सत्यतामा नरहेर भडकिएर जानेछन् भनेर प्रकाश १३ले बताउँदछ। यो त्यसबेलादेखि पूरा भयो जब रोमन क्याथोलिक चर्चले पोपलाई शिर्षस्थ अगुवा छानेर उनी परमेश्वरको पदमा आसिन भएको र उहाँको अधिकार उनीमाथि भएको दावी गर्न लगाएका थिए। त्यो समयमा जो जो रोमन क्याथोलिक इसाई धर्मको अधीनमा रहन चाहेनन् तिनीहरूलाई भयङ्कर सास्ति दिइएको थियो र शहीद बनाइएको थियो। ऐतिहासिक समयमा इसाईहरूले पाएका यातनाहरूको बारेमा चर्चा गर्नु कतिले नराम्रो मान्छन्, पूर्वाग्रही भएर बोलेको भनेर आरोप पनि लगाउँछन् र रोमन क्याथोलिक चर्चको विरोधमा चलेको भनेर प्रतिकार पनि गर्न थाल्दछन् तर जेभएतापनि नचाहेर पनि वर्तमान परिस्थितिले इतिहासलाई मेटाउन सकेको छैन।

**इतिहासले देखाएको भविष्यवाणीप्रति सजग रहेर हामी परमेश्वरप्रति कसरी आस्थामा अडिग भएर बस्ने, फेरि त्यसबखत यो सत्यलाई अरूलाई प्रस्तुत गर्दा हामी अरूको भावनाप्रति कतिको संवेदनशील हुनुपर्छ वा होसियारी अपनाउनुपर्छ?**

## ३. पृथ्वीबाट निस्किएको पशु

प्रकाश १३ अध्यायको प्रथम आधा भागमा भविष्यवाणीको अवधि वा १,२६० दिन/वर्षको बारेमा वर्णन गरिएको छ जुन समयमा रोमन क्याथोलिक चर्चको बिगिबिगि थियो। फ्रान्सको जनक्रान्तिपछि यो धर्मसँग राजनीति मिलाएर युरोपमा शासन गर्ने प्रणालीलाई केही हदसम्म घाइते पारिएको थियो। तर पोपको बिगिबिगि सदाको निम्ति अन्त्य भएको थिएन किनभने त्यो घाऊ निको हुने समयपनि दिइएको हुन्छ। फेरि कुनै तरिकाबाट रोमन क्याथोलिक चर्चले धर्मको नाउँमा राजनीतिलाई हातमा लिएर अरूमाथि अधिकार जमाउने गुमेको प्रणाली फेरि पुनर्जीवितहुनेवाला थियो। प्रकाश १३को बाँकी आधा भागले त्यो पशुको मृतासन्न चोट कसरी निको हुन्छ भनेर यथार्थ विवरण प्रस्तुत गर्दछ।

दोस्रो पशुका स्वभावहरू कस्ता थिए भनेर प्रकाश १३:११ले कसरी बताउँछ? हेर्नुहोस् "यसपछि मैले पृथ्वीबाट निस्किआएको अर्को एउटा जनावर देखें। थुमाका जस्ता त्यसका दुईटा सिङ थिए र त्यसको बोली अजिङ्गरको जस्तो थियो।" प्रकाश १२:१४-१६ले बताएको परिवेशमा पृथ्वीबाट निस्केको पशुको महत्त्व किन छ ("१४ अजिङ्गरबाट बाँचेर उजाड-स्थानमा भएको आफ्नो शरणस्थानमा पुग्न ती स्त्रीलाई गरुडको दुईटा पखेटा दिइएको थियो। त्यहाँ तिनको लागि साढे तीन वर्षसम्म पालन-पोषण गरिनेछ।१५ ती स्त्रीलाई भल-बाढीले बगाउन त्यो अजिङ्गरले आफ्नो मुखबाट एउटा खोलासरह पानी निकाल्यो।१६ तर पृथ्वीले त्यस स्त्रीलाई बचाउन आफ्नो मुख उघारेर त्यो अजिङ्गरले बगाएको पानी निलिदियो")।

आफ्नो दर्शनमा यूहन्नाले अर्को पशु निस्किएको देख्दछन्। यो दोस्रो पशु पहिलेको जस्तो समुद्रबाट नभएर पृथ्वीबाट निस्किएको हुन्छ। दोस्रो पशु विश्व शक्ति हो जोसँग पहिलो पशुको जस्तै शासन गर्ने खुबी हुन्छ। तर पहिलो पशु अत्यन्त भयानक र डरलाग्दा हुन्छ भने यो दोस्रो पशु सुरुमा कसैलाई नोक्सानी नगर्ने जस्तो स्वभाव देखाएर निस्किन्छ। उसको थुमाको जस्तो दुई वटा सिङहरू हुन्छन् (प्रकाश १३:११)। थुमा येशूको प्रतीक हो। त्यसकारण अन्तको समयमा निस्किने पशु बाहिरिरुपमा येशू जस्तै देखिने छ। तर त्यससँग विश्वलाई दमन गर्ने शक्ति हुन्छ।

यो थुमाको जस्तो रूप भएको पशुको त्यस क्षेत्रबाट उदय हुन्छ जसले स्त्रीलाई सुरक्षित गर्दछ। स्त्री परमेश्वरको सत्य चर्चको प्रतीक हो।

१,२६० दिन/वर्षको अन्तमा परमेश्वरका विश्वासीहरूलाई अजिङ्गरको सताउने कार्यबाट त्यस थुमा जस्तो पशुले सुरक्षा दिँदछ (प्रकाश १२:१४-१६)। पृथ्वीबाट निस्किने थुमा जस्तो पशु परमेश्वर र शैतानको बीचमा भइरहेको युद्धको दृश्यमा नयाँ भूमिका खेल्न आएको हुन्छ। समुद्रबाट निस्किएको पशु फ्रान्सको जनक्रान्तीमा मर्लाजस्तो घाइतेभएपछि पृथ्वीबाट अर्को विश्वशक्तिको उदय हुन्छ। यसको अर्थ दोस्रो पशु युगको अन्तमा विशेष भूमिका खेल्नको लागि उदय भएको हुन्छ।

त्यो राष्ट्र वा थुमा जस्तो अनुहार भएको पशु को हो त? एलेन जी ह्वाइटले यसरी ठोकुवा गर्छिन् "सन १७९८पछि नयाँ संसारमा उदय भएको नयाँ शक्ति राष्ट्र के हो जसले विश्वलाई आफ्नो बाहुबलद्वारा महानता देखाएर आकर्षित गर्दछ? थुमाको जस्तो स्वभाव देखाएर निस्किने राष्ट्र को हो भनेर चिन्न कुनै गाऱ्हो छैन। विश्वका राष्ट्रहरूमा केवल एउटै राष्ट्रलेमात्र भविष्यवाणीमा बताएको अनुसार विशेष चरित्रहरू मिल्दछ। यो संयुक्त राज्य अमेरिका हो भन्ने कुरामा कुनै प्रश्न छैन।"-द ग्रेट कन्त्रोभर्सी, पृ. ४४०बाट रूपान्तरित। अमेरिका त्यो देश थियो जसले रोमनक्याथोलिक चर्चले स्वविवेक अनुसार बाइबल र येशूलाई मान्ने विश्वासीहरूलाई शरण दिएको थियो। त्यसकारण यो राज्यमा रहेका इसाईहरू प्रायजसो प्रोटेस्टेन्ट वा सुधारवादी थिए। तर समय बित्दै जाँदा यसले पनि अजिङ्गर वा शैतानले जस्तै बोल्नेछ। जसरी रोमी साम्राज्यको मातहतमा रहेको रोमन क्याथोलिक चर्चले विश्वमा आफ्नो प्रभाव लादेको थियो त्यसरी नै अमेरिकाले पनि विश्वसामु आफ्नो प्रभाव लाद्नेछ। यो युगको अन्तमा आउने शक्तिले सारा संसारका मानिसहरूलाई पहिलो पशु वा रोमन क्याथोलिक चर्चमा लाग्न आफ्नो प्रभाव पार्नेछ। यसले गर्दा घाइते पशुको चोट निको भएको देखाउँदछ। अर्थात् एकपटक स्वविवेकले बाइबल र येशूलाई मान्ने मानिसहरूलाई सुरक्षा दिने संयुक्ति राज्य अमेरिकाले युगको अन्तमा तिनीहरूलाई नै सताउने राष्ट्रको भूमिका खेल्नेछ।

**जब बाइबलमा रहेका रहस्यहरूको खोजनीति गर्ने मानिसहरूले प्रकाश १३मा लेखिएको पशु अमेरिका नै हो भनेर ठम्याएका थिए त्यसबेला त्यो देश अहिलेको जस्तो शक्तिशाली र प्रभावशाली थिएन। तर अहिले जुनरुपले रोमन क्याथोलिक चर्च र उनले अनुमोदन गरेको आइतबार र पोपलाई मान्ने कार्यका लागि टेवा दिने काम अमेरिकाले गरिरहेको छ, त्यसले भविष्यवाणीले औंल्याएको थुमा जस्तो देखिने पशु अमेरिका नै हो भनेर गरिएको चित्रण के ठिक छैन त?**

## ४. पशुको मूर्ति वा स्वरुप

"११ यसपछि मैले पृथ्वीबाट निस्किआएको अर्को एउटा जनावर देखें। थुमाका जस्ता त्यसका दुईटा सिङ थिए र त्यसको बोली अजिङ्गरको जस्तो थियो।१२ त्यसले त्यो पहिलो जनावरपट्टिबाट त्यसको ठूलो अधिकार चलायो र त्यो घाउ निको भएको पहिलो जनावरलाई मान-आदर गर्न संसारका सबै मानिसलाई कर लगायो। १३ यो दोस्रो जनावरले अचम्म-अचम्मका चिन्हहरू देखायो। सबैले देख्ने गरी त्यसले आकाशबाट पृथ्वीमा आगो झार्‍यो। १४ त्यो पहिलो जनावरको अगाडि यस्ता अचम्मका चिन्हहरू देखाउने शक्ति त्यसलाई दिइएको थियो। यसैले गर्दा संसारका सबै मानिसहरूलाई त्यसले भर्मायो। तरवारले घायल भएर पनि बाँचेको त्यो जनावरलाई मान्न सबैले त्यसको मूर्ति बनाउनू भनेर त्यो दोस्रो जनावरले हुकुम गर्‍यो।" प्रकाश १३:११-१४। थुमा जस्तो पशुले मानिसहरूलाई सत्य परमेश्वर र बाइबलबाट भर्मराउन अनेकौं छलका कामहरू गर्ने छ- अझ परमेश्वरले जस्तै उसले आकाशबाट आगो झारेर आफ्नो शक्तिको प्रदर्शन गर्न प्रयास गर्नेछ। देहायका पदहरू पढेर थुमा जस्तो देखिने तर अनेकौं अचम्मका छलि कामहरूद्वारा आफ्ना स्वभावहरू देखाउने चरित्रलाई बुझाउन कसरी सहयोग गर्दछ? हेर्नुहोस्, १ राजा १८:३०-४० "३० तब एलियाले मानिसहरूलाई भने, "मेरा नजिक आओ।" सबै उनको छेउमा चारैपट्टि जम्मा भए। उनले परमप्रभुको भत्केको वेदीलाई मरमत गरे।३१ उनले हरेक कुलका नाममा एउटाका हिसाबले बाह्र वटा ढुङ्गाहरू लिए। ती कुलहरूका नाम याकूबका छोराहरूका नामअनुसार राखिएका थिए र याकूबलाई परमप्रभुले 'इस्राएल' नाम दिनुभएको थियो।३२ ती ढुङ्गाहरूले उनले परमप्रभुको आराधना गर्न वेदी बनाए। वेदीका चारैपट्टि उनले खाडल खने। खाडल निकै ठूलो थियो र चौध लिटर जति पानी त्यसमा हाल्न सकिन्थ्यो। ३३ त्यसपछि तिनले वेदीमाथि दाउराहरू मिलाए, साँढे टुक्रा-टुक्रा पारेर काटे र दाउरामाथि राखे। तिनले भने, "चार गाग्रा पानी भरेर यी दाउरा र बलिमा खन्याओ।" तिनीहरूले त्यसै गरे।३४ उनले भने, "फेरि त्यसैगरी पानी खन्याओ।" अनि तिनीहरूले त्यसै गरे। उनले फेरि भने, "अझ एक चोटि त्यसै गर।" र तिनीहरूले फेरि पनि बलि र दाउराहरूमाथि पानी खन्याए।३५ पानी वेदीका चारैपट्टि पोखिएर गयो र खाडल पानीले भरियो।३६ साँझको बलिदान चढाउने समयमा एलिया अगमवक्ता वेदीको छेउमा गएर प्रार्थना गर्न लागे, "हे परमप्रभु,

**अब्राहाम, इसहाक र याकूबका परमेश्वर,तपाईं इस्राएलमा परमेश्वर हुनुहुन्छ र म तपाईंको सेवक हुँ र तपाईंको आज्ञाले यी सबै काम गर्दै छु भनी प्रमाण दिनुहोस्। ३७ मलाई जवाफ दिनुहोस्, परमप्रभु, मलाई जवाफ दिनुहोस् र यी मानिसहरूले तपाईं परमप्रभु परमेश्वर हुनुहुन्छ र तपाईंले नै यिनीहरूलाई आफूकहाँ फर्काउँदै हुनुहुन्छ भनी जानून्। ३६ साँझको बलिदान चढाउने समयमा एलिया अगमवक्ता वेदीको छेउमा गएर प्रार्थना गर्न लागे, "हे परमप्रभु, अब्राहाम, इसहाक र याकूबका परमेश्वर,तपाईं इस्राएलमा परमेश्वर हुनुहुन्छ र म तपाईंको सेवक हुँ र तपाईंको आज्ञाले यी सबै काम गर्दै छु भनी प्रमाण दिनुहोस्। ३७ मलाई जवाफ दिनुहोस्, परमप्रभु, मलाई जवाफ दिनुहोस् र यी मानिसहरूले तपाईं परमप्रभु परमेश्वर हुनुहुन्छ र तपाईंले नै यिनीहरूलाई आफूकहाँ फर्काउँदै हुनुहुन्छ भनी जानून्। ३८ परमप्रभुले आगो पठाउनुभयो र आगोले बलि, दाउरा र ढुङ्गाहरू भस्म पार्‍यो, भूइँ डढायो र खाडलका पानी सुकाइदियो।" र प्रेरित २:१-४ "१ पेन्तिकोस भनिने यहूदी चाड हुँदा प्रभु येशूमा विश्वास गर्ने सबै मानिसहरू एकै ठाउँमा भेला भएका थिए। २ त्यस बेला एक्कासि आकाशबाट ठूलो हावा चल्यो र त्यो हावाको आवाजले तिनीहरू बसेको घर भरियो ३ अनि आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे। ती आगोका जिब्राहरू भाग-भाग भएर त्यहाँ भएका सबै मानिसमाथि बसे। ४ तिनीहरू सबै पवित्र आत्माले भरिए र तिनीहरूले पवित्र आत्माबाटै बोल्ने शक्ति पाएर अन्य भाषाहरूमा बोल्न थाले।"**

बाइबलको पवित्र वचन अनुसार नचलेतापनि वा बाइबल सम्मत नभएतापनि त्यस थुमा जस्तो पशुले अनेकौं शब्दहरू प्रयोग गरेर आफ्ना वचनहरू सत्य हुन् भनेर विश्वका मानिसहरूलाई विश्वस्त पार्नेछ। "तन्त्रमन्त्र गर्ने, मरेका मानिसहरूसँग बातचित गर्ने जस्ता दुष्ट आत्माहरूको सहभागितामा र बाइबलसम्मत नभएका अनेकौं आध्यात्मिक क्रियाकलापहरूद्वारा मानिसहरूलाई सत्य परमेश्वरबाट आफूतिर खिँच्नेछ। अनेकौं चमत्कारीय काम पनि हुनेछ, बिरामीहरू निको हुनेछ र कसैले पनि इन्कार गर्न नसक्ने अचम्मका कामहरू गरिनेछ"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ५८८बाट रूपान्तरित। यी अचम्मका अलौकिक कामहरू गरेर त्यस थुमा जस्तो पशुले यस पृथ्वीका मानिसहरूलाई घाइते भएको सामुद्रिक पशुको मूर्ति वा प्रतीकलाई पूजा गर्न कर लगाउनेछ।

घाइते भएको चोट निको भएको भन्नुको अर्थ गुमेको रोमन क्याथोलिक चर्चको धार्मिक र राजनैतिक शक्तिको पुनस्थापना गर्नु हो। त्यस थुमा जस्तो पशुले अजिङ्गर वा शैतानको जस्तो बोलि बोल्नेछ। जुन् सामुद्रिक पशुको पहिलाको शक्ति थियो अर्थात धर्मको नाउँमा दमन गर्ने नीति लिएको थियो त्यही शक्ति बाइबल र येशूलाई मात्र स्वविवेकले मान्नेहरूप्रति दमनको नीति अपनाएर सास्ति दिनेछ। रोमन क्याथोलिक धर्मलाई आडमा लिएर त्यस चर्चको शिक्षादीक्षालाई विश्वमा लाड्ने काम त्यस थुमा जस्तो पशुले गर्नेछ।

"इसाई धर्मकै नाउँमा रोमन क्याथोलिकको सिद्धान्तलाई मानिसहरूलाई जबरजस्ती लाद्ने काम अमेरिकन सरकारको नीतिकै विरुद्ध हो। अमेरिकाले बिलायतसँग युद्ध गरेर मानवहितको निम्ति स्वतन्त्र श्रेष्ठ निकायहरू स्थापना गरेको थियो। स्वतन्त्रताको घोषणाको दस्तावेज र संविधान स्थापना गरेर त्यस अनुसार गम्भीर भएर चल्न अमेरिकाले शपथ खाएको थियो। तर अमेरिकाले ती नीती तथा प्रतिवद्धताहरूलाई पन्छाएर मानिसहरूलाई जबरजस्ती क्याथोलिक चर्चको सिद्धान्तलाई लाद्नेछ। अमेरिका आफ्नो प्रतिवद्धता अनुसार नचल्नुले यो देखाउँछ कि त्यो राष्ट्र थुमाको अनुहार देखाएर शैतानको निम्ति आफ्ना कदमहरू चाल्दैछ। देखावटी रूपमा शुद्ध, नरम र हानी नगर्ने खालका थुमा जस्तो देखिने पशु अजिङ्गर जस्तै बोल्नेछ र उसको निम्ति काम गर्नेछ। "संसारमा रहने मानिसहरूलाई पशुको मूर्ति वा प्रतीकलाई मान्न त्यस अमेरिकाले उक्साउनेछ। स्वविवेकको हकहितको निम्ति विधान बनाउने काम मानिसहरूमै निहित भएको सरकारले जबरजस्ती धर्मको नाउँमा क्याथोलिक चर्चको सिद्धान्तलाई लाद्ने काम गर्ने राष्ट्र भविष्यवाणी अनुसार अमेरिका नै हो भनेर त्यसको क्रियाकलाप हेरेर ठोकुवा गर्न सकिन्छ। "तर पशुको मूर्ति वा प्रतीक के हो त? र यो कसरी बनिन्छ त? त्यो मूर्ति दुई सिङ भएको पशुले बनाउँदछ, र त्यो मूर्ति पशुको निम्ति बनाइएको हुन्छ। यसलाई पशुकै मूर्ति भनिन्छ। अनि पशुको मूर्ति कस्तो छ त्यो कसरी बनिएको हुन्छ सो थाहा पाउन पशु आफैको स्वभाव वा चरित्रहरूको अध्ययन गर्नुपर्छ। त्यो पशु अरू कुनै नभएर रोमन क्याथोलिक चर्चको पोपतन्त्र हो।

"जब सुरुका चर्चले सुसमाचारको सरलतालाई त्यागेर मूर्तिपूजा गर्नेका रितिथिति तथा संस्कार र सिद्धान्तहरू भित्राएर आफूलाई भ्रष्ट पारे तब उनले परमेश्वरको पवित्र आत्मा र शक्तिलाई गुमाए। मानिसहरूको विवेकलाई नियन्त्रण गर्न चर्चले धर्मनिरपेक्षक वा धर्मलाई नियन्त्रण नगर्ने राष्ट्रको शक्तिको

सहयोग खोजे। त्यसको नतिजा पोपीयतन्त्र हो जसले राष्ट्रको शक्तिलाई आफ्नो नियन्त्रणमा लियो र आफ्नै भलाइको निम्ति येशू र बाइबललाईमात्र मान्ने मानिसहरूलाई अवैध घोषणा गरेर दण्ड दिने काम गऱ्यो। ...त्यो समय आउनेछ जब अमेरिकाको अग्रपन्थीमा रहेका प्रोटेस्टेन्ट वा सुधारवादी इसाई चर्चहरूले रोमन क्याथोलिकले अपनाएको सिद्धान्तलाई साझा सिद्धान्त भनेर मान्नेछन्। अनि त्यस सिद्धान्तलाई लाद्न र आफ्ना संस्थाहरूलाई कायम राख्न नीति कानुनहरू बनाउनेछन्। यो नै प्रोटेस्टेन्ट वा सुधारवादी चर्चको बाहुल्यता भएको देश अमेरिकाले रोमन क्याथोलिक चर्चको पोपीय शासनको मूर्तिलाई मानेको ठहरिन्छ। अनि रोमन क्याथोलिक चर्चको सिद्धान्तलाई नमान्ने मानिसहरूलाई मुलुकी ऐनद्वारा दण्ड दिनेछन् र त्यसको बिरोध गर्ने मानिसहरूको दलहरू खडा हुनेछन।...जब प्रोटेस्टेन्ट चर्चहरूले बाइबलको सत्यताबाट बाहिर रहेर रोमन क्याथोलिक चर्चको सिद्धान्तलाई आफ्नो शिक्षादीक्षासँग मिलाउँछन् र त्यस धार्मिक सिद्धान्तलाई जबरजस्ति लाद्न सरकारको सहयोग माग्छ तब भ्रष्ट भएको प्रोटेस्टेन्ट चर्च वा सम्प्रदायहरूले पशुको मूर्तिलाई पुजा गरेको ठहरिन जान्छ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ४४२-४४५बाट रूपान्तरित।

## ५. पशुको छाप

थुमा जस्तो पशुले युगको अन्तको सङ्कटमा अगुवाको भूमिका खेल्नेछ भनेर प्रकाश १३ले आभास् दिन्छ। उसको नेतृत्वमा मानिसहरूको व्यक्तिगत धार्मिक र बैचारिक स्वतन्त्रतालाई नियन्त्रण गर्न विश्वव्यापी प्रणाली स्थापना गर्नेछ। मध्यकालीन युगमा पोपले इसाईहरूलाई कसरी नियन्त्रणमा राखेका थिए त्यही खालको नियन्त्रणको प्रतिविम्ब शैतानको अगुवाईमा चलेको विश्व शक्तिले देखाउनेछ।

**दाहिने हात र निधारमा चिन्ह वा छाप लगाउनुसँग परमेश्वरका दश आज्ञाहरूको के सरोकार छ? हेर्नुहोस्, प्रकाश १३:१६,१७ " १६ अनि त्यसले साना र ठूला, धनी र गरीब, फुक्का र कमारा सबैलाई तिनीहरूका दाहिने हात वा निधारमा छाप लगाउन लायो। १७ त्यो छाप नभईकन कसैले पनि किनमेल गर्न नपाउने भयो। त्यो छापचाहिँ त्यस पशुको नाउँ वा त्यसका नाउँको संख्या हो।" र व्यवस्था ६:४-८ " ४ हे इस्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। ५ तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा**

**हृदयले आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर। ६ मैले आज तिमीहरूलाई सुनाएका आज्ञाहरू आफ्नो मनमा राख। ७ ती तिमीहरूले आफ्ना छोराछोरीहरूलाई होशियारीसाथ सिकाओ। घरमा बस्दा, बाटोमा हिँड्दा, ढल्केर सुत्दा र उठ्दा तिनको चर्चा गर। ८ ती आफ्ना हातमा चिन्हको लागि कसिराख। ती तिमीहरूको निधारमा बाँधिराख।"**

समाजका सबै वर्गहरूलाई आफू पशुको पक्षमा छौं भनेर विशेष चिन्ह वा छाप लगाउन वाध्य पारिनेछ। त्यो चिन्ह ती मानिसहरूको निधारमा अर्थात टिका जस्तो वा हातमा लगाइनेछ। जसरी परमेश्वरले पनि उहाँका जनहरू उहाँका हुन् भनेर पहिचान गर्न तिनीहरूको निधारमा लालमोहरको छाप लगाइदिनुहुनेछ (प्रकाश ७:३,४, प्रकाश १४:१), त्यसरी नै पशुले पनि आफ्ना जनहरू हुन् जसले उसलाई पूजा गर्छन् भनेर पहिचान गराउन विशेष चिन्ह तिनीहरूलाई लगाइदिनेछ।

पशु वा शैतानप्रति बफादार रहने मानिसहरूलाई लगाइदिने छाप नदेखिने छाप हो। मोशाले परमेश्वरको व्यवस्थालाई चिन्हको रूपमा तिनीहरूको निधार वा हातमा लगाउनु भनेर निर्देशन दिएका थिए ("तिनलाई आफ्ना पाखुरामा बाँध। सम्झनाको लागि तिनलाई आफ्ना निधारमा लगाओ।" व्यवस्था ६:८)। शैतानले पनि उसका जनहरूलाई हात र निधारमा उसको छाप लगाउन दिएकोले उसले मोशाको उल्टो नकल गरेको ठहरिएको हुन्छ। दायाँ हातको मतलब मानिसको व्यवहार हो। निधारको अर्थ मानिसले मानसिकरूपमा सहमति जनाएको देखाउँछ।

कतिपय मानिसहरूले मृत्युको धम्किबाट जोगिन पशुको छाप लिने निर्णय गर्नेछन् र कतिपय अरूले इसाई हुँ भनेर दावी त गर्ने तर परमेश्वरको वचनसम्मत नचलेर मानिसहरूलाई भ्रष्ट पार्ने आराधना गर्ने प्रणालीमा आत्मिक र मानसिकरूपमा पूर्णरूपमा लाग्नेछन्।

युगको अन्तमा हुने अन्तिम सङ्कटको निर्णायत्मक विषयवस्तु नै कसको पूजा गर्नु हुनेछ। परमेश्वरका दश आज्ञाहरू मानेर उहाँको आराधना गर्नु (प्रकाश १४:१२) वा दश आज्ञाले अनुमोदन नगरेको आइतबारलाई पवित्र दिनमानेर रोमन क्याथोलिक चर्चले लादिएको दिनलाई मान्नु निर्णायिक विषय हुनेछ। परमेश्वरप्रति निष्ठावान र आस्थावान छु भनेर जाँच्ने आज्ञानै विशेष गरेर साबथ आज्ञा हुनेछ जसले परमेश्वरमात्र सृष्टिकर्ता हुनुहुन्छ भनेर औंल्याउँछ। परमेश्वरप्रति निष्ठावान भएको देखाउने विशेष चिन्ह नै साबथ

पालन गर्नु हो (इजकिएल २०:१२,२० "१२ म तिनीहरूलाई पवित्र गर्ने परमप्रभु हुँ भनी जनाउन पवित्र विश्रामबारको चलन चिनोको रूपमा बनाएँ।...२० विश्रामवारलाई पवित्र राख र त्यो हामीहरूका बीचमा बाँधेको करारको चिनो हुनेछ र म परमप्रभु तिमीहरूका परमेश्वर हुँ भनी तिमीहरूलाई सम्झना गराउनेछ")। तर पशुको छाप लिनुभनेकै पशुप्रति आफ्नो बफादारीता देखाउनु हो।

परमेश्वरको आज्ञाको सट्टामा मानिसको आज्ञालाई मान्नु नै पशुको छाप भएको ठहर्छ। यसको बारेमा सबभन्दा ठूलो प्रमाण नै मानिसले स्थापना गरेको आइतबारलाई पवित्र दिन भनेर मान्नु हो (पशु अर्थात् त्यसको प्रतीक रोमन क्याथोलिक चर्चले परमेश्वरको दिनलाई हेरफेर गर्नेछ भनेर यसरी भविष्यवाणी गरिएको छ "त्यसले सर्वोच्च परमेश्वरको विरुद्धमा बोल्नेछ र त्यसले परमेश्वरका पवित्र जनहरूलाई सताउनेछ। त्यसले धार्मिक नियम र चाडहरू हेरफेर गर्ने कोसिस गर्नेछ अनि साढे तीन वर्षसम्म परमेश्वरका पवित्र जनहरू त्यसको वशमा रहनेछन्" दानिएल ७:२५)। परमेश्वरले उहाँ सृष्टिकर्ता हुनुहुन्छ भनेर चिनाउने दिन हप्ताको सातौं दिन साबथ हो जसको पालन गर्न उहाँले आदेश दिनुभएको थियो। बाइबलमा यसलाई हेरफेर गर्ने अधिकार कसैलाई पनि दिइएको छैन। जब परमेश्वरको स्वामित्व तथा अधिकारलाई परिवर्तन गरेर अर्कै दिनलाई मान्न लगाउन खोज्नु उहाँको सृष्टिकर्ताको भूमिकालाई खलबल्याउनु हो र परमेश्वरकै शक्तिमाथि हमला गर्नु हो। "पोपले स्थापना गरेको आइतबारको दिन पशुको छाप हो।... त्यो समय आउनेछ जब मानिसहरूलाई परमेश्वरले दिनुभएको साबथको सट्टामा आइतबारलाई पालन गर्न अध्यादेश जारी गर्नेछ। पशु र उसको मूर्तिलाई नपुज्न तेस्रो स्वर्गदूतले ठूलो आह्वान गर्नेछन्। त्यसबेला जब मानिसहरूले परमेश्वरको आज्ञालाई निरन्तररुपमा उल्लङ्घन गरिरन्छन् भने त्यसले पशुको छाप पाउनेछ।"-एलेन जी ह्वाइट, इभान्जलिजम, पृ. २३४,२३५बाट रूपान्तरित।

प्रकाश १३:१८मा उल्लेख गरिएको छ " यसमा बुद्धि छ, जसको सम्झने शक्ति छ, त्यसले त्यो जनावरको सङ्ख्या बुझोस् किनभने त्यो सङ्ख्याले एउटा मान्छेको नाउँ बुझाउँछ र त्यसको सङ्ख्याचाहिँ ६६६ हो।" त्यो मानिस को हो त? पावलले भन्दछ त्यो मानिस "पापको मानिस हो" (२ थेस्सोलिनिकी २:३)। त्यो सम्बोधनले पोपतन्त्रलाई देखाउँछ। पोपको

चालामालाले उनी समुद्रबाट निस्किएको पशु भनेर देखाउँदछ। पशुका टाउकाहरूमा परमेश्वरका ईश्वरनिन्दा कोरिएका छन्। यसले आफैलाई परमेश्वर हुँ भनेर दावी गर्दछ। यस पृथ्वीमा परमेश्वरको पुत्रको ठाउँमा आफू बस्न गएको हुँ भनेर दावी गर्दछ।

(याद गर्नुहोस्ः व्यक्तिसँग उसको विश्वास, धर्म आदि मिसाएर उसमाथि पूर्वाग्रही व्यवहार गर्नु येशूसम्मत देखिन्दैन। पोप र रोमन क्याथोलिक चर्चप्रतिको हामीहरूको धारणा व्यक्तिगत नभएर सैद्धान्तिक हो। “हाम्रो लडाइँ मानिससँग होइन तर आकाशका शक्तिहरू, अन्धकार युगका शासकहरू, अधिकारीहरू र आकाशका दुष्ट आत्माका विरोधमा हो।" एफिसी ६ः१२। परमेश्वरका जनहरू सबै चर्च एवं अरू धार्मिक समुदायहरूमा पनि पाइने भएकाले सबैप्रति हामीहरूको हेराइ यूहन्ना ३ः१६ अनुसार हुनुपर्छ अर्थात् कसैलाई पनि धर्म, रङ्ग, सम्प्रदाय, लिङ्ग आदिको बिल्ला ओढाएर हामीले हेर्नु हुँदैन। त्यसकारण जब रोमन क्याथोलिकका विश्वासीहरू हामीहरूको सम्पर्कमा आउँछन् भने तिनीहरूलाई रोमन क्याथोलिक भनेर होइन बरू हामीहरूको निम्तिमात्र होइन तिनीहरूको निम्ति पनि येशू मर्नुभएको थियो भनेर हामीले मायाको दृष्टिकोणले हेर्नुपर्छ र त्यसै अनुसार व्यवहार गर्नुपर्छ। यो धारणा कुनै इसाई सम्प्रदायलाईमात्र होइन सबै मानव जातिमाथि हुनुपर्दछ। यदि यो स्तरमा हामी पुग्न सक्यौं भने प्रभु येशूलाई हामीले गरेको स्वाद हामी पाउन सक्छौं।-अनुवादकको हार्दिक अनुरोध)।

**उपसंहारः**

युगको इतिहासको अन्तमा मानिसहरूले कसको पक्षमा रहेर आफ्नो बफादारिता देखाउँछन् भनेर जोख्ने ढक साबथ नै हुनेछ भनेर प्रकाशको पुस्तकले बताउँछ। हप्ताको सातौं दिन पर्ने साबथले परमेश्वरलाई सृष्टिकर्ता भनेर प्रमाणित गर्दछ। यदि यस दिनलाई पालन गरियो भने त्यस पालन गर्ने व्यक्तिले परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ भनेर स्वीकारेको हुन्छ। त्यो पालन नगर्दा वा साबथलाई आत्मसात् नगर्दा मानिस सहीरूपमा परमेश्वरको पक्षमा छ भनेर देखाउँदैन। तर यो पनि याद गर्नुपर्छ कि कोही मानिस आइतबारलाई मात्र मान्छ भन्दैमा त्यससँग पशुको छाप अहिले नै छ भन्न अर्थ लगाउनुहुन्न। जब आइतबार नै साबथ दिन हो हप्ताको सातौं दिन अर्थात् शनिबार होइन भनेर रोज्न जब सरकार वा धार्मिक समुदाय जस्तै रोमन क्याथोलिकले

ऐनकानुनहरू बनाएर पालन गर्न व्यक्तिको आस्थामाथि जबरजस्ती आक्रमण गर्छ तब त्यसबेलामामात्र मानिस परमेश्वरको साथमा छ कि छैन भनेर उसले निर्णय गर्नुपर्ने हुन्छ। त्यसबेलामात्र आइतबार पालन गर्नु भनेको पशुको छाप लगाउनु हो भनेर ठहरिन जान्छ। अनेकौं शिक्षा, व्याख्या आदि गरेर शनिबार होइन आइतबार नै पालन गर्नुपर्छ भनेर मानिसहरूलाई सृष्टिकर्ता परमेश्वरप्रति नजर राख्नबाट बंचित गर्लान् तर विश्वासमा अडिग हुनेहरूले साबथ र आइतबारको विषयमा स्पष्ट हुनु जरुरी छ। भविष्यमा त्यो समय आउनेछ जब शनिबारलाई साबथ मान्ने कि आइतबारलाई-सबैले निर्णय गर्नुपर्ने हुन्छ।

"अहिले कसैले पनि पशुको छाप पाएको छैन। पशुको छाप पाउनको निम्ति जाँच्ने समय अहिले आएको छैन। रोमन क्याथोलिकको समूहमा सम्मिलित हुनेहरूमात्र होइन प्रत्येक चर्च वा इसाई सम्प्रदायमा येशूलाई हृदयदेखि प्रेम गर्ने पक्का इसाईहरू छन्। जबसम्म चौथौं आज्ञाप्रति किन बफादारी हुनुपर्छ भनेर बुझ्ने ज्ञान हुँदैन तबसम्म कसैलाई पनि दोषी ठहऱ्याउनु हुँदैन। जब खोटो साबथ अर्थात् आइतबार नै बजरजस्ती पालन गर्न ऐनकानुन बनाइन्छ र पशु र उसको मूर्ति वा प्रतीकलाई (आइतबार) नढोग्न चेतावनी दिँदै तेस्रो स्वर्गदूतले चर्को आवाज उठाउँछन् तब त्यसबेला सत्य र असत्यको बीचमा धर्को तानिनेछ। अनि जब कोही जानाजानी हप्ताको सातौं दिन साबथलाई लत्याएर आइतबार नै ठिक हो भनेर सनातन सृष्टिकर्ता परमेश्वरप्रति देखाउनुपर्ने निष्ठाबाट अलग भएर बस्छ तब त्यसबेला तिनीहरूले पशुको छाप पाउनेछन्।"-एलेन जी ह्वाइट, इभान्जिलिजम, पृ. २३४,२३५बाट रूपान्तरित। याद गर्नुहोस्, अहिले नै आइतबार पालन गर्ने मानिसहरूले मुक्ति पाउँदैन भन्नु हुँदैन न त साबथ पालन गर्नेले मात्र मुक्ति पाउँछ भन्न मिल्छ। तर समय आउँदैछ जब पशुको छाप लाउने कि नलगाउने भनेर निर्णय गर्नुपर्ने हुन्छ। परमेश्वरप्रति बफादार भएर उहाँले निर्धारण गर्नुभएको साबथ दिनलाई पालन गरेर उहाँको पक्षमा उभिने कि रोमन क्याथोलिक चर्चले लादेको आइतबारलाई मानेर त्यस चर्चको आस्थामा रहने भन्ने निर्णयको सबैले सामना गर्नुपर्नेहुन्छ। परमेश्वरका जनहरूले बाइबल सम्मत चल्न, हृदयदेखि नै भविष्यवाणीका वचनहरू खोतलेर अध्ययन गर्न र सुसमाचार थाहा नपाउनेहरूलाई सुसमाचार सुनाउन प्रत्येक प्रयास जारी गर्नुपर्छ भनेर प्रकाशको पुस्तकले येशूभक्त हुँ भन्ने सबैलाई आग्रह गर्दछ।

**चिन्तनमननः**

अ) अहिले राजनैतिक र धार्मिक इतिहास कुन दिशामा गइरहेको छ सो तपाईंले थाहा पाउनुभयो भने प्रकाश १३को भविष्यवाणी कसरी पूरा भइरहेको छ भनेर तपाईं थाहा पाउन सक्नुहुन्छ? (नेपालमा पनि रोमन क्याथोलिक चर्च र सयौं इसाई सम्प्रदायका इसाईहरूले आइतबारलाई बिदा दिने कानुन बनाउनुपर्छ भनेर अभियान चलाइरहेकाछन्।-अनुवादकको व्यक्तिगत अनुभव)।

आ) जब हामी युगको अन्तमा हुन्छौं तब अरू चर्चका इसाईहरूप्रति हामीहरूको धारणाहरू कस्तो हुनुपर्छ? यो सल्लाहलाई सोच्नुहोस्: "हामीहरूका चर्चका पास्टर तथा अगुवाहरू अरू चर्चका पास्टर तथा अगुवाहरूको नजिक हुन खोज्नुपर्दछ। तिनीहरूको निम्ति र तिनीहरूसँग मिलेर प्रार्थना गर्नुपर्छ। तिनीहरूको निम्ति पनि येशूले पहल गरिरहनुभएको छ। ती पाष्टर वा चर्चका अगुवाहरूमा गम्भीर जिम्मेवारी छ। येशूका सन्देशवाहकहरूको हैसियतले ती गोठालाहरूप्रति हामीहरूले गहिरो र सच्चाइका साथ चासो देखाउनुपर्दछ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ६, पृ. ७८बाट रूपान्तरित। अरू चर्चका मानिसहरूसँगको भेटघाट वा कारोबारमा हामीहरू तिनीहरूभन्दा जान्नेछौं भन्ने खालको जोश नदेखाउनबाट कसरी जोगिने? तिनीहरूको विश्वास, दर्शन आदिसँग सम्झौता नगरि तिनीहरू र तिनीहरूको आस्थाप्रति आदर र प्रेम देखाउने खुबी कसरी प्राप्त गर्ने?

## कथा ९

## येशूप्रतिको मोहमा पर्नु

## कन्स्टानसियो ट्रिस्ट आफोन्सो, ५१, साओ टोमे र प्रिन्सिपी

कन्स्टानसियोलाई रक्सी पिउन असाध्यै मन पर्थ्यो। रक्सी पिएपछि आफू कहाँ छु के गरिरहेको छु सो कुरा उसलाई थाहा नै हुँदैनथ्यो। साँच्चै भनौं भने रक्सी उसको निम्ति स्वामी, भगवान सबै थोक थियो र यथार्थमा ऊ रक्सीको  दास थियो।

तर एक दिन रक्सीको सुरमा लरबरिँदै आफ्नो कोठाको बाहिर आउँदा कोठाको आँगनबाट सातफूट वा दुई मिटर तल खसेर उसको टाउको बजारियो। त्यस घट्नाले उसलाई आँखा खुलायो र सधैंको निम्ति रक्सी खान छोडेर येशूलाई आफ्नो मुक्तिदाता भनेर सदाको निम्ति स्वीकार्न थाल्यो।

साओ टेमोको पहाडको गाउँमा कन्स्टानसियो आफ्ना दुई भर्खरका छोराछोरीहरूसँग बस्दथ्यो। ऊ एक युवा किसानी थियो। एक दिन एक सेभेन्थ-डे एडभेन्टिस्टको समूह घुम्नको लागि उसको गाउँमा आइपुग्यो। तिनीहरूको रमाइलो चालामाला देखेर तिनीहरू को रहेछन् भनेर कन्स्टानसियोले तिनीहरूप्रति चासो देखायो। तिनीहरूले के के गर्दा रहेछन् भनेर तिनीहरूको नजिक आएर कन्स्टानसियो हेर्न थाल्यो। कन्स्टानसियोको उत्सुकता देखेर त्यस समूहको एक जना महिला उसलाई सोधिन् "होइन, हामीहरूमा के छ र तपाईं यसरी नियालेर हेरिरहनुहुन्छ?" त्यस एडभेन्टिस्ट समूहका मानिसहरू रमाइलो मानिरहेका थिए तर तिनीहरू रक्सी, जाँड वा चुरोठ नपिएका कन्स्टानसियोले हेरिरहेको थियो। तिनीहरूसँगको चिनापर्चीमा तिनीहरू सेभेन्थ-डे एडभेन्टिस्ट रहेछन् भनेर कन्स्टानसियोले थाहा पायो।

जब त्यो समूह कन्स्टानसियोको गाउँ छोडेर गयो तब एडभेन्टिस्ट चर्चको बारेमा उसले सिक्न चाह्यो। त्यस गाउँमा एक जना एडभेन्टिस्ट विश्वासी थियो। उसलाई कन्स्टानसियोले साथी बनायो। त्यो विश्वासी गाउँका मानिसहरूको घरमा बाइबल अध्ययन दिन जान्थ्यो। कन्स्टानसियोपनि सँगसँगै जान थाल्यो। चर्चको शिक्षाप्रति प्रभावित भएर उसले  बप्तिस्मा लिन स्थानीय क्षेत्रको पास्टरसँग अनुरोध गर्‍यो। "तपाईंले तपाईंको जीवन परमेश्वरमा पहिला सुम्पन्नु पर्छ। उहाँले तपाईंको रक्सी खाने र चुरोठ पिउने बानीलाई रोक्न सहयोग गर्नुहुनेछ" पास्टरले भन्यो। बप्तिस्मा लिन चाहेकोले कन्स्टानसियोले त्यो नराम्रो बानीलाई त्याग्यो र बप्तिस्मा लियो।

केही महिनासम्म कन्स्टानसियोको सुध्रिएको बानीले उसलाई राम्रो नै भइरहेको थियो। तर छ महिनापछि फेरि जड्याँहा साथीहरूसँग लागेर उसले जाँडरक्सी पिउन थाल्यो। उसको श्रीमती ऊदेखि रिसले चुरमुरिन थालिन्। उनले बप्तिस्मा नलिइएतापनि उनको श्रीमान नयाँ हुन गएकोमा उनलाई खुशी भइरहेको थियो। एक दिन कन्स्टानसियोलाई गाली गर्दै उनले भनिन् "एडेभेन्टिस्टहरूले यस्ता नराम्रा कामहरू गर्दैनन् र तपाईंले पनि गर्नु उचित छैन।" जबसम्म उसले रक्सी र चुरोठ पिउन छोड्दैन तबसम्म उसलाई आफ्नो ओछयानमा सँगै नसुताउने भनेर कबुल गरिन्।

कन्स्टानसियोलाई आफ्नो श्रीमतीको निर्णयप्रति रिस उठ्यो। त्यही रिसको झोंकमा इसाई जीवनशैली कस्तो हुनुपर्नेरहेछ भनेर त्यसको बारेमा अझ बढी थाहा पाउन बाइबल पढ्न थाल्यो। बाइबल पढ्दा पढ्दै ऊ यशैया ५५:२मा पुगेर रोकियो। त्यहाँ लेखिएको छ "रोटीको निम्ति खर्च नगरि तिमीले किन पैसा खर्च गर्दछौ र तिमीलाई संतुष्ट नबाउने तत्वको निम्ति तिमीले आफ्नो तलब किन खर्च गर्दछौ? मेरो कुरा ध्यान दिएर सुन, र जे असल छ त्यो खाऊ र तिम्रो प्रसस्तामा तिम्रो मन रमाउन देऊ।" (रूपान्तरित)। "ओहो, हो रहेछ। जुन खानुपर्ने खानेकुरा नखाइकन मलाई संतुष्ट नपार्ने थोकहरूमा मैले किन पैसा खर्च गरिरहेको छु?" भनेर आत्मग्लानी गर्दौ आफूले आफैलाई नै सोध्यो। आफ्नो बानी सुधार्न उसले परमेश्वरसँग धेरै हप्ता प्रार्थना गर्न थाल्यो। तर उसले प्रार्थनाको साथसाथै रक्सी र चुरोठ पनि किनेर ल्याइरहेको थियो।

एक रात साथीहरूसँग रक्सी पिइसकेपछि एक्लै आफ्नो घर फर्किदै थियो। उसको गाउँको परम्परा अनुसार अरू परिवारहरूको जस्तै उसको घरपनि काठको थियो। उसकी श्रीमती, सात वर्षको छोरो र चार वर्षकी छोरी मस्त निन्द्रामा सुतिरहेका थिए। भरेङ्ग माथि उक्लेर कन्स्टानसियो आफ्नो ओछ्यानमा गएर पल्ट्यो। बाहिर सिमसिम पानी परिरहेको थियो।

ओछ्यानमा ओल्टीपल्टी गर्दै सुत्ने प्रयास गरिरहेको बेलामा आफूले खुट्टा नधोइ सुत्न गएको उसलाई महसुस भयो। पानी परेर हिलो भएकोले उसका खुट्टाहरू फोहर थिए। ऊ कोठाको बाहिर रहेको आँगनमा खुट्टा धुन लरबरिन्दै निस्क्यो। जब रक्सीकै सुरमा उसले खुट्टा धुन थाल्यो तब उसले आफ्नो संतुलन गुमायो र आँगनबाट तल टाउको ठोकिने गरि नराम्रोसँग जमीनमा खस्यो। ऊ सात फिट वा दुई मिटर तल खसेको थियो। उसको टाउको हिलोमाटोमा ठोक्कियो। भाग्यवस नजिकको ढुङ्गामा उसको टाउको बज्रेन। त्यो हिलोमा सानो खाल्टो नै पऱ्यो।

कन्स्टानसियो खसेको आवाज सुनेर घरको कुक्कुर बेस्सरी भुक्न थाल्यो। उसकी श्रीमती र छोराछोरीहरू सबै जुरमुरुँदै उठ्यो र के भयो भनेर हेर्न बाहिर निस्के। तिनीहरूले कन्स्टानसियो तल भुईंमा रक्सीकै सुरमा लडिरहेको तिनीहरूले देखे। "गुहार गुहार" भनि उसकी श्रीमती चिच्याउन थाल्यो। एकै छिनपछि छरछिमेकीहरू कन्स्टानसियोको घरमा जम्मा भए। ऊ घरबाट तल खसेको रहेछ भनेर सबैलाई महसुस भयो र उसलाई दुष्ट आत्माले घचेटेको हुनुपर्छ भनेर सबैले भन्न थाले।

गाउँमा दुष्ट आत्मा पस्यो भनेर सबै गाउँलेहरूले सोच्न थाले। अब दुष्ट आत्माबाट आफूहरू कसरी सुरक्षित हुने भनेर गाउँलेहरूले चिन्ता गर्न थाले। कन्स्टानसियोले अब शुद्धीकरण गर्नुपर्छ भनेर गाउँका सबै मानिसहरु भन्न थाले। अनि त्यो शुद्ध गर्ने विधि अनुसार गाउँका मानिसहरूले एक अर्काको हातमा पिसाब फेर्दै त्यो मुर्छा परेको कन्स्टानसियो शरीरमा छयाप्न थाले। जब उसलाई पिसाबले निथ्रुक्क भिज्यो। तब गाउँलेहरूले कन्स्टानसियोलाई उसको कोठामा बोकेर लगे।

भोलिपल्ट कन्स्टानसियोको होस खुल्यो। धेरै साथीहरू उसलाई भेट्न आए र तिनीहरूले बाहिर रक्सी खान जाऔं भनेर कर गरे। आफ्नो चोट लागेको टाउको समात्दै उसले जवाफ दियो "अब भयो, अबदेखि म कहिल्यै पनि रक्सी चुरोठ पिउँदिन।" त्यहाँदेखि उसले ती कुलतहरू सदाको निम्ति हटायो। "रक्सी खाने र चुरोठ पिउने चाहना मबाट सदाको निम्ति हट्यो। यो मेरो प्रार्थनाको जवाफ थियो" उसको गाउँको एडभेन्टिस्ट चर्चको बारेमा अन्तर्वाता दिने क्रममा कन्स्टानसियोले भन्यो। त्यो चर्चमा कन्स्टानसियो अहिले सक्रिय एल्डर भएको छ। आज त्यो गाउँका २०० मानिसहरू बप्तिस्मा लिएर एडभेन्टिस्ट भएका छन्। कन्स्टानसियोको घट्नाले गर्दा त्यहाँको चर्चमा मानिसहरू खचाखच भरिएका छन्। कन्स्टानसियोकी श्रीमती, छोराछोरीहरू र उसका पहिलाका पाँच जना जड्याँहा साथीहरु पनि उसको कारण प्रभुमा विश्वास गर्न पुगेका छन्।

"मेरो यो कथा भन्न मलाई असाध्ये मनपर्छ। मेरो जस्तै पहिलाको अवस्था भएकाहरू मेरो गाउँमा धेरै छन् र तिनीहरूलाई चर्चमा आउन लाज लाग्दछ। म तिनीहरूलाई भन्दछु 'म पनि तिमीहरू जस्तै थिएँ। यदि परमेश्वरको सहयोगले म सुध्रिएँ भने तिमीहरू पनि सुध्रिन सक्छौ' भनेर तिनीहरूलाई सम्झाउने प्रयास गर्दछु" हँसिलो अनुहार पार्दै कन्स्टानसियोले यस लेखकलाई भनेको थियो।

लेखकः आन्द्र्यु मेकचेस्ने